# क्षीरेश्वरनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

सुचना!                सुचना!!                सुचना!!!

### सार्वजनिक स्थल तथा बाटोहरुमा रहेका घर, टहरा, पसलहरु हटाउने सम्बन्धमा क्षीरेश्वरनाथ नगरपालिकाको १५ दिने अत्यन्त जरुरी सुचना।

मधेश प्रदेशको राजधानी एवंम् जगत जननी सिता माताको मातृभुमि जनकपुरधाम प्रवेश गर्ने मुख्य स्थानमा क्षीरेश्वरनाथ नगरपालिका अवस्थित छ। जनकपुरधाममा पर्यटन लगायत अन्य कार्यको लागि क्षीरेश्वरनाथ नगरपालिका कै मुख्य सडक भएर जाने आउने गर्दछन साथै यस नगरपालिका लाई सफा, सुन्दर एवंम् पर्यटकिय नगरि बनाउनको लागि यस नगरपालिकावाट विभिन्न कार्यक्रमहरु संचालन हुँदै आइरहेको सम्पूर्ण नगरवासिहरुमा अवगत नै छ। यसै सन्दर्भमा यस नगरपालिकाको विभिन्न सार्वजनिक स्थानहरु र वाटो लगायत वाटो छेउ रहेको पेटिमा समेत घर, टहरा, ठेला गाडा र पसलहरु संचाल भई नगरपालिकाको सौन्दर्य विग्रीएको र मानिसहरुलाई आवत जावत गर्न कठिनाई महसुस भइरहेको छ। तसर्थ यस नगरपालिका लाई सफा र सुन्दर वनाउने अभियानमा सहयोग गर्न सार्वजनिक स्थानहरुमा रहेका घर, टहरा, पसलहरु यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र खालि गर्न गराउनुहुन संवन्धित सम्पूर्ण सरोकारवालाहरुमा अनुरोध छ।

तोकिएको समय भित्र सार्वजनिक स्थान, वाटो, सडक पेटी खालि नगरेमा नगरपालिकावाट नै खाली गराइने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ र नगरपालिकावाट खाली गराउँदा लाग्ने खर्च समेत सम्वन्धित व्यक्तिवाट नै असुल गरिने व्यहोरा समेत जानकारि गराईन्छ।

मिति:२०८०।०३।३१ गते आइतवार

क्षीरेश्वरनाथ नगरपालिका
महेन्द्रनगर, धनुषा

CamScanner